# बर्दघाट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### बर्दघाट, नवलपरासी

### लुम्बिनी प्रदेश, नेपाल

प. सँः ०७७।७८

च.न

**सिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी ३० दिने सूचना**

प्रथम पटक प्रकाशित मितिः ०७७।८।१८

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ र ६० तथा बर्दघाट नगरपालिकाको आर्थिक ऐन २०७७ को दफा (९) वमोजिम अनुसूचि–९ मा उल्लेख भएअनुसार बहाल बिरौटी शुल्क लगाइने र असुल उपर गरिने छ भन्ने उल्लेख भएको र सोही ऐनको दफा (९) मा यस नगरपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाटबजार, पसल वा सरकारी जग्गामा अनुसूचि -९) मा उल्लेख भएअनुसार बहाल विरौटी शुल्क लागइने र असुल उपर गरिने भन्ने उल्लेख भएबमोजिम तपसिल बमोजिमका साप्ताहिक हाटबजारहरुको ०७७ माघ महिना देखी ०७८ आषाढ मसान्त सम्म ६ महिनाको लागि, ठेक्का बन्दोवस्त गर्न मिति ०७७/८/१० को राजश्व परामर्श समितिको सिफारिस तथा मिति ०७७/८/११ को नगर कार्य पीलका वैठकबाट छैंटौ नगरसभाबाट स्वीकृत दररेट बमोजिम तपसिल अनुसारको साप्ताहिक हाटवजारहरुको राजश्व उठाउने सम्बन्धमा सम्बन्धीत कम्पनीहरुबाट विद्युतिय खरिद प्रक्रिया (E–Bidding) मार्फत शीलवन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सरोकारवाला फर्म वा कम्पनीहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ ।

*तपशिल*

| क्र.सं. | आय ठेक्काको नाम | न्यूनतम अंक रु. (भ्याट र अग्रीम कर वाहेक) | कैफियत |
|---|---|---|---|
| १ | **आईतवारे साप्ताहिक हाटवजार बर्दघाट-८, भुताहा** | २,९२,५००।०० | |
| २ | **शुक्रवारे साप्ताहिक हाटवजार बर्दघाट-४, बर्दघाट** | ५,२५५००।५० | |
| ३ | **भटौलिया हाटवजार, शनिवार बुधवार, बर्दघाट-१२,** | २,२५,०००।०० | |
| ४ | **वुधवारे हाटवजार चिसापानी, बर्दघाट, २** | २,१२,५००।०० | |
| ५ | **सोमवारे हाटवजार माकर, १** | १,१२,५५०।०० | |
| ६ | **आइतवारे हाटवजार , वर्दघाट, १४** | १,२५,०००।०० | |
| ७ | **सनिवारे हाटवजार बर्दघाट, १४** | १,१५,०००।०० | |

प्रमुख प्रशासकीय अधिकृत

१. टेण्डर फाराम शुल्क रु. ५००।- नगरपालिकाको राजश्व खाता ०८३२०५००२८२११००२ मा दाखिला गर्नुपर्नेछ ।

२. ठेक्काको कबोल रकम अँक  र अक्षरमा स्पष्ट बुझ्नेगरी उल्लेख गर्नु पर्नेछ । अंक केरमेट भए अक्षरलाई मान्यता दिईनेछ ।

३. ठेक्का मूल्याँकन गर्दा भ्याट वाहेकको कवोल अंकमा सो रकमको १३ प्रतिशत भ्याट र १.५ प्रतिशत अग्रीम आयकर जोडी कूल कवोल अंक कायम गरिनेछ ।

४. आफूले भरेको टेण्डर रकम (भ्याट सहित)को  ५% दरले हुने रकम नगरपालिकाको एन आइ सि एशिया वैंकमा रहेको धरौटी खाना नं. ८३४१४९८४८२५२४००४ खातामा जम्मा गरेको बैक दाखिला भौचर को Scan copy upload  गर्नु पर्ने छ ।

५. टेण्डर फाराम सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० वजे  भित्र upload गरिसक्नु पर्नेछ ।

६. पेश भएका टेण्डर फारमहरु ३१ औं दिन दिनको २:०० वजे टेण्डरदाता वा निजको प्रतिनिधि एवं कार्यालयको रोहवरमा खोलीनेछ

७. टेण्डर स्विकृत गर्ने वा नगर्ने अधिकार नगरपालिकामा सुरक्षित रहने छ ।

८. टेण्डर स्विकृत भएपछि कुनै किसिमको फेरवदल तथा मिनाहा छुट हुने छैन ।

९. टेण्डर सकार गरेको मितिले सात (७) दिन भित्र पट्टा लिई सक्नु पर्ने छ । यदि सात दिन भित्र पट्टा  नउठाएमा धरौटि रकम जफत गरि सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन वमोजिम कार्य अगाडी वढाइनेछ  ।

१०. बैठकि कर असूलि दररेट नगरसभाबाट पारित भएवमोजिम हुनेछ ।

११. तोकिएको दररेट भन्दा बढि असूल गर्न पाईने छैन ।

१२. टेण्डरदाता कम्पनी वा फर्मले कम्पनी दर्ता प्रमाणपत्र, आ.व. ०७७/७८ को लागि नविकरण भएको फर्मको फर्म वा कम्पनीको इजाजत पत्र , आय कर दर्ता प्रमाण पत्र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. ०७६/०७७ को कर चुक्ता वा म्याद थपको  प्रमाणहरुको प्रतिलिपीहरु  संलग्न राखी पेश गर्नुपर्नेछ ।

१३. यस नगरपालिकामा गत विगतका आय ठेक्कामा बक्यौता भएका ठेकेदारहरुले बक्यौता रकम नतिरेसम्म ठेक्कामा भाग लिन पाउने छैनन् ।

१४. वजार सरसफाई एवं अन्य प्रवन्ध ठेकेदार स्वयमले गर्नुपर्नेछ ।

१५. कुनैपनि कारणले हाटवजारको स्थान स्थानान्तरण भएको खण्डमा ठेकेदार पूर्ण रुपमा मञ्जुर हुनु पर्नेछ ।

१६. अन्य जानकारिको लागि नगरपालिकाको कार्यालय वा फोन नं.०७८-५८०४०७ मा सम्पर्क राख्नु होला ।

प्रमुख प्रशासकीय अधिकृत

***मेघनाथ पाध्या***

***प्रमुख प्रशासकिय अधिकृत***

बर्दघाट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी

ठेक्का | टेण्डर

## बर्दघाट न.पा.को आय ठेक्काको विद्युतिय बोलपत्र फाराम

प्रथमपटक सूचनाप्रकाशितमिति: २०७७।८।१८ गते

| सि.नं. | विवरण | कबोल अंक (भ्याट तथा अग्रीम आय कर वाहेक) | | | धरौटी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | न्युनतमअंक रु. | अंकमा | अक्षरमा | | |
| | आईतवारे साप्ताहिक हाटवजार बर्दघाट-८, भुताहा | २९२५००।०० | | | | |
| | शुक्रवारे साप्ताहिक हाटवजार बर्दघाट-४, बर्दघाट | ५२५५००।५० | | | | |
| | भटौलिया हाटवजार, शनिवार बुधवार, बर्दघाट-१२, | २२५०००।०० | | | | |
| | बुधवारे हाटवजार चिसापानी, बर्दघाट, २ | २१२५००।०० | | | | |
| | सोमवारे हाटवजार माकर, १ | ११२५५०।०० | | | | |
| | आइतवारे हाटवजार , वर्दघाट, १४ | १२५०००।०० | | | | |
| | सनिवारे हाटवजार बर्दघाट, १४ | ११५०००।०० | | | | |

टेण्डर पेश गर्ने फर्मको :–

हि/छाप :–नाम, थर :–

गाना :–

म्पर्क नं :-